# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : १७ मिति: २०७७/०३/१७

## भाग- ३

## टीकापुर नगरपालिकाको हाम्री छोरी प्यारी छोरी कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७६

**प्रस्तावना :**

संविधानको मूल मर्मलाई आत्मसात गर्दै छोरीलाई उचित सम्मान र उज्जवल भविष्य निर्माणको बाटो तर्फ उन्मुख गराउन समाजमा प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित वालविवाह प्रतिको सोच तथा व्यवहार परिवर्तनका साथै बालिकाको हक, हितको संरक्षण गरी उनीहरुको शारीरिक मानसिक र बौद्धिक बिकास गर्नका साथै वालविवाह जस्ता कार्यलाई निषेध गर्न वान्छनीय भएकोले,

टीकापुर नगरपालिकाले हाम्री छोरी प्यारी छोरी कार्यक्रम संचालन सम्वन्धि कार्यविधि, २०७६ बनाएको छ । यो कार्यविधि टीकापुर नगरपालिका नगर कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मिति वाट लागू हुनेछ ।

१. उद्देश्यः

१. छोरा र छोरी प्रति गरिने असमान व्यवहारको अन्त्य गर्ने

२. बालबिबाह तथा जबरजस्ती हुने बिवाह रोकथाम लगायत बिभिन्न प्रकारका सामाजिक दुर्व्यवहार अन्त्य गर्ने

३. मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा बिबाह सम्बन्धम भएको कानूनी प्रावधानको पूर्ण रुपमा पालना गर्ने गराउने

४. आधारभूत अधिकारबाट बञ्चित नभई आफ्नो भविष्यको छनौट गर्ने अधिकार , निर्णय लिने प्रकृयामा सहभागी हुने अवसर प्रदान गर्ने ।

५. हिंसाको कुचक्रमा पर्ने अवस्था, वैवाहिक जिवन दिगो नहुने, परिपक्क नभई सन्तान जन्माउदा स्वास्थ्य सम्बन्धी समस्या, लैगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरुले बालिका र महिलाहरु प्रताडित हुन नसक्ने अवस्थाको सृजना गर्ने/ गराउने ।

२. रकम प्रदान गर्न सकिने :

१. आ.व. ०७६/०७७ को श्रावण १ गते देखी जन्मिएका बालिकाको हकमा मात्र यो कार्यविधि आर्कर्षित हुनेछ, ।

२. टीकापुर नगरपालिकाको स्थायी बासिन्दा भई सम्बन्धित वडाको सिफारिस भएको,

३. नगरपालिका भन्दा बाहिरको नागरिकता भएकाहरुको हकमा भने बसाईसराई दर्ता अनिवार्य भएको,

४. जन्मेको ३५ दिन भित्र टीकापुर नगरपालिकाको कार्यालयमा जन्मदर्ता गरिएको छोरीको हकमा,

५. छोरीको जन्म हुनु भन्दा पहिले नै टीकापुर नगरपालिकाको कार्यालयमा विवाह दर्ता गरिएका आमा बाबुका छोरीलाई,

६. नेपाली नागरिकका छोरीलाई मात्र,

७. जन्मेको ३५ दिन भित्र जन्म दर्ता भई निवेदन दर्ता भएको छोरीलाई,

३.आवश्यक कागजातहरु :

१. अनुसूची-१ बमोजिमको फारम भरिएको निवेदन,

२. जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी,

३. बाबु आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ,

४. अन्य जिल्ला बाट बसाई सराई गरि आएको भए प्रमाण पत्रको प्रतिलिपी,
५. बाबु /आमाको विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी,
६. बाबु /आमाको र छोरी दुबैको हालसालै खिचिएको फोटो,
७. शिशुको अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी,

**४.रकम प्रदान गर्ने तरिका :**

१. टीकापुर नगरपालिकाको कार्यालयमा निवेदन दर्ता भएका प्रत्येक बालिकाको नाममा बार्षिक रुपमा रु.१०००/( का दरले रकम उपलब्ध गराइनेछ । यसरी उपलब्ध गराईने रकम टीकापुर नगरपालिका नगरकार्यपालिकाको निर्णय अनुसार स्थानीय स्तरमा रहेको नजिकको पायक पर्ने बैंकमा नगरपालिकाको प्रतिनिधि, बालिकाको आमा बाबु /संरक्षक र बालिकाको नाममा संयुक्त खाता खोली जम्मा गरिनेछ ।

२. हाम्री छोरी प्यारी छोरी नामक कार्यक्रममा कुनै बालिकाको नाममा रकम जम्मा भएकी बालिका मध्ये कुनै बालिका को २० वर्ष उमेर नपुग्दै विवाह भएको व्यहोराको लिखित उजुरी एवं जानकारी कुनै पक्ष वाट प्रमाण सहित खुल्न आएका खण्डमा आवश्यक कागजातका आधारमा सत्य तथ्य बुझी वास्तविक हुन गएको देखिएमा बाँकी अवधिका लागी रकम जम्मा गर्ने कार्यमा रोक लगाई जम्मा गरिएको नगद रकम समेत निज बालिकालाई उपलब्ध गराउन नगरपालिका नगरकार्यपालिकाको कार्यालय बाध्य हुने छैन ।

३. हाम्री छोरी प्यारी छोरी नामक कार्यक्रममा कुनै बालिकाको नाममा रकम जम्मा भएकी बालिका मध्ये कुनै बालिका को २० वर्ष उमेर नपुग्दै कुनै कारणले अप्रत्यासित रुपमा मृत्यु हुन गएको खण्डमा बालिकाको नाममा जम्मा हुन गएको रकम निजको संरक्षक अर्थात आमा बाबु लाई उपलब्ध गराइनेछ ।

५. हाम्री छोरी प्यारी छोरी नामक कार्यक्रम अर्न्तगत बालिकाको नाममा जम्मा गरिएको रकम बालिकाको उमेर २० वर्ष पुगे पश्चात एकमुष्ठ रुपमा उपलब्ध गराइनेछ। तर २० वर्ष अधि विवाह गरेको प्रमाणित भएमा उक्त रकम नगर पालिकाको खातामानै फिर्ता हुनेछ ।

६. बालिकाको हक, हितको संरक्षण गरी तिनीहरुको शारीरिक मानसिक र बौद्धिक बिकास गर्नका साथै बालविवाह जस्ता कार्यलाई निषेध गर्न संचालन गरिएको हाम्री छोरी प्यारी छोरी नामक कार्यक्रम अर्न्तगत बालिकाको नाममा बैंकमा

जम्मा गरिने नगद रकम नगरपालिकाको सिफारिस अनुसार बैंकमा बचत/चल्ती/मुद्दती खाता खोली जम्मा गरिनेछ ।

७. बालिकाको उमेर १६ वर्ष पुरा गरी नाबालिका साबालिका भए देखी निजले नेपाली नागरिक्ताको प्रमाण पत्र प्राप्त गरिसकेको भएमा बैंक दस्तखत नमूना कार्ड फेरबदल गरी निजको समेत दस्तखत अनिवार्य गराइनेछ । सो बाहेक अन्य अवस्थामा कुनै परिस्थिति सिर्जना भई उक्त रकम झिक्नु पर्ने भए खातावाला मध्ये दुई जनाको दस्तखत बाट झिक्न सकिनेछ ।

**५. रकम झिक्दा चाहिने आवश्यक कागजातहरु :**

१. सम्बन्धित व्यक्ति वा निजको अभिभावक वा नीजको संरक्षकको निवेदन ।

२. नगरपालिका द्धारा जारी भई विवरण खुलेको बार्षिक रुपमा नविकरण गरिएको परिचय पत्र,

३. बालिकाको उमेर २० वर्ष नपुग्दै मृत्यु भएको खण्डमा मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपी,

४. नगरपालिकाको सिफारिस ।

**६. बिबिध**

६.१. बाधा अडकाउ फुकाउन सक्ने : यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

६.२. कार्यविधिको संशोधन तथा परिमार्जन : कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक सशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

६.३. अनुसूचिमा हेरफेर तथा थपघट : कार्यपालिकाले अनुसूचिमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

६.४. बाझिएमा : यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानून संग बाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

६.५. कारवाही : यस कार्यविधि विपरित टीकापुर नगरपालिका क्षेत्र वाहिरका वालिकाको नाममा रकम जम्मा गर्न गराउन वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाइने छैन ।

आज्ञाले,

दमन सिंह चौधरी

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरकार्यपाकिाको कार्यालय